# ताप्ली गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८१

प्रस्तावना: यस ताप्ली गाउँपालिकामा व्यवसायिक कृषकलाई प्रोत्साहन गरी कृषिमा गाउँपालिकालाई आत्मनिर्भर बनाउनको लागि उत्पादनका आधारमा अनुदान प्रदान गर्ने कार्यक्रमलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:
   क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८१**" रहेको छ।
   ख) यो कार्यविधि ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वकीकृत भएको मिति देखि लागु हुनेछ।
   ग) यो कार्यविधि ताप्ली गाउँपालिका भरी लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
   क) कार्यविधि भन्नाले "**ताप्ली गाउँपालिकाको उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०८१**" लाई सम्झिनु पर्छ।
   ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ।
   ग) अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।
   घ) उपाध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।
   ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।
   च) वडा अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको ५ वटै वडाको वडा अध्यक्ष सम्झनु पर्छ।
   छ) कार्यपालिका सदस्य भन्नाले नेपालको संविधान (२०७२) मा भएको व्यवस्था बमोजिम निर्वाचित गाउँपालिकाको सदस्य सम्झनु पर्छ।
   ज) वडा सदस्य भन्नाले गाउँपालिकाको कुनै पनि वडामा निर्वाचित वडा सदस्य सम्झनु पर्छ।
   झ) गाउँपालिका भन्नाले ताप्ली गाउँपालिका सम्झिनु पर्छ।
   ञ) कार्यपालिका भन्नाले ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।
   ट) लेखा प्रमुख भन्नाले ताप्ली गाउँपालिकाको लेखा शाखा प्रमुख सम्झनु पर्छ।
   ठ) कृषि विकास शाखा भन्नाले ताप्ली गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ।
   ड) कृषि उपज भन्नाले अनुसूची १ मा तोकिए बमोजिमको कृषि जन्य उत्पादन सम्झनु पर्छ।
   ढ) कृषक भन्नाले व्यवसायिक रुपमा कृषिसँग सम्बन्धित फर्म दर्ता गरी व्यवसाय गरिरहेको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहने छन्।
   क) गाउँपालिकाका व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गरी उनीहरुको व्यवसायको प्रवर्द्धन गर्नु।
   ख) गाउँपालिकामा आवश्यक पर्ने कृषि जन्य उपजको सहज आपुर्ति गर्नु।
   ग) गाउँपालिकालाई कृषिमैत्री बनाउनु।
   घ) गाउँपालिकालाई कृषि जन्य उपजमा आत्मनिर्भर बनाउनु।

ङ) कृषि कै माध्ययमबाट गाउँपालिका बासीमा समृद्धि ल्याउनु ।

**परिच्छेद-३**

**आवेदन सम्बन्धी व्यवस्था**

४. कृषकले अनुसूची २ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

५. आवेदन दिने अवधी १५ दिनको हुनेछ ।

६. आवेदन गाउँपालिकाको सबै वडा कार्यालयहरुमा संकलन गरिनेछ ।

७. कृषकले आवेदनको साथमा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रतिलिपी ।

ख) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

ग) संस्था नवीकरण गरेको निस्सा ।

घ) बैंकिङ कारोबार गरेको भएमा सो को निस्सा ।

ङ) कृषि उपजको स्पष्ट फोटो ।

च) आफ्नो घर र कृषि उपज उत्पादन हुने स्थलको सगोल वा छुट्टा छुट्टै फोटो ।

**परिच्छेद- ४**

**सिफारिस समितिसम्बन्धी व्यवस्था**

८. गाउँपालिकाको प्रत्येक वडामा एक सिफारिस समिति रहने छ ।

९. सिफारिस समितिमा देहायका पदाधिकारी रहने छन् ।

क) वडा अध्यक्ष – संयोजक

ख) वडा सदस्यहरु सबै – सदस्य

ग) सम्बन्धित वडा रहेको अल्पसंख्याक वा दलितबाट निर्वाचित कार्यपालिका सदस्य – सदस्य

**परिच्छेद- ५**

**सिफारिस समितिको काम, कर्तव्य र अधिकार**

१०. सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) कृषकले दिने आवेदनको सूचनाको बारेमा कृषकहरुलाई जानकारी गराउने ।

ख) वडा कार्यालयमा प्राप्त आवेदनहरुलाई दर्ता गरी सुरक्षित राख्ने प्रबन्ध मिलाउने ।

ग) प्राप्त आवेदनहरुलाई विश्लेषण गर्ने ।

घ) विश्लेषणबाट उचित नलागेको आवेदनहरुलाई समितिको वैठक मार्फत रद्द गर्ने ।

ङ) विश्लेषणबाट उचित लागेका आवेदनहरुलाई तोकिएको समयावधी भित्रै प्राथमिकिकरण गर्ने ।

च) प्राथिमिकता क्रम बमोजिमको आवेदनहरुलाई सम्पुर्ण कागजात समावेश गरी समितिको निर्णय सहित गाउँपालिकाको कृषि विकास शाखामा बुझाउने / बुझाउन लगाउने ।

**परिच्छेद- ६**

**छनोट समिति सम्बन्धी व्यवस्था**

११. उपत्पादनमा आधारित कृषक अनुदान प्राप्त गर्ने लाभग्राही छनोट गर्न देहाय बमोजिमको एक छनोट समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) लेखा शाखा प्रमुख – सदस्य

ङ) कृषि विकास शाखा संयोजक – सदस्य सचिव

**परिच्छेद- ७**

**छनोट समितिको काम, कर्तव्य र अधिकार**

१२. यस कार्यविधि बमोजिम छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) कृषक छनोटको लागि आवेदन माग गरिएको अनुसूची ३ बमोजिमको सूचना निकाल्ने ।

ख) वडा कार्यायलबाट प्राप्त आवेदनहरुको विश्लेषण गर्ने ।

ग) विश्लेषणबाट अयोग्य आवेदनहरुलाई निर्णय गरी रद्द गर्ने ।

घ) विश्लेषणवाट योग्य आवेदनहरुलाई अनुसूची ३ बमोजिमको अङ्कभार तालिका बमोजिम उत्कृष्ट कृषक छनोट गर्ने ।

ङ) कृषक छनोट गर्दा दलित, अपांगता भएका व्यक्ति र महिलालाई प्राथमिकता दिने ।

च) स्वीकृत बार्षिक कार्यक्रम बमोजिमको रकमको अधिनमा रहि लाभग्राही कृषकको बर्गीकरण गर्ने र कृषकलाई हस्तान्तरण गर्ने रकमको सीमा तोक्ने ।

छ) कृषकलाई अनुदान हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

ज) समितिबाट भएको निर्णषलाई कार्यपालिकाको वैठकबाट अनुमोदन गर्ने ।

**परिच्छेद-८**

**विविध**

१३. बाधा अड्काउ फुकाउ: यस निर्देशिका बमोजिम अनुदान वितरण कार्यक्रम सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग मानिनेछ ।

१४. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१५. कार्यविधि संशोधन: गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधिको संशोधन तथा थपघट गर्न सक्नेछ ।

१६. खारेजी: गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ ।

## अनुसूची-१

**(दफा २ को उपदफा (ड) सँग सम्बन्धीत)**

कृषि उपज भन्नाले निम्न प्रकारका कृषि जन्य नगदे बालीमा आधारित उत्पादनहरुलाई मानिएको छ ।

| |
|---|
| १. सुन्तला |
| २. कागती |
| ३. अदुवा |
| ४. बेसार |
| ५. आँप |
| ६. किवी |
| ७. अलैंची |
| ८. दुध |
| ९. मह |
| १०. कुखुरा लोकल |
| ११. अण्डा उत्पादन |
| १२. बंगुर |
| १३. राँगा/ भैँसी |
| १४. खसी/ बाख्रा |
| १५. गाई / गोरु |

## अनुसूची-२

**(दफा ४ सँग सम्बन्धीत)**

आवेदनको ढाँचाः

श्री वडा अध्यक्ष ज्यू

...... नं वडा कार्यालय, ताप्ली गाउँपालिका।

विषयः उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा म यस ताप्ली गाउँपालिकाको वडा नं ....... टोल ..................... निवासी श्री ................................. ले ताप्ली गाउँपालिकामा दर्ता रहेको दर्ता नं ......... रहेको मेरो स्वामित्वको श्री ........................ फर्मको तर्फबाट तपसिलमा उल्लेखित विवरण बमोजिमको कृषि उपज उत्पादन गरेकोले उल्लेखित कागजात समेत संलग्न राखी उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रममा समावेश गरी पाउँ भनि यो आवेदन पेश गरेको छु।

तपिसलः

| उपजको नाम | कूल उत्पादन (के.जी/ लिटर/ गोटामा) | सबै भन्दा ठूलो/ प्रति उपज धेरै उत्पादन |
|---|---|---|
| १. सुन्तला | | |
| २. कागती | | |
| ३. अदुवा | | |
| ४. बेसार | | |
| ५. आँप | | |
| ६. किवी | | |
| ७. अलैँची | | |
| ८. दुध | | |
| ९. मह | | |
| १०. कुखुरा लोकल | | |
| ११. अण्डा उत्पादन | | |
| १२. बंगुर | | |
| १३. राँगा/ भैँसी | | |
| १४. खसी/ बाख्रा | | |
| १५. गाई / गोरु | | |

पेश गरेको कागजातः

आवेदकको हस्ताक्षरः

क) नेपाली नागरिकताको प्रतिलिपी।

ख) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी।

ग) संस्था नवीकरण गरेको निस्सा।

घ) पान दर्ता प्रमाण पत्र।

ङ) संस्थाको नाममा रहेको खाताको बैँक स्टेटमेण्ट।

च) कृषि उपजको स्पष्ट फोटो।

छ) आफ्नो घर र कृषि उपज उत्पादन हुने स्थलको सगोल वा छुट्टा छुट्टै फोटो।

**अनुसूची-३**

**(दफा १२ को (क) सँग सम्बन्धीत)**

सूचनाको ढाँचाः

ताप्ली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

मितिः

ने.सं.

विषयः सूचना !

प्रस्तुत विषयमा यस ताप्ली गाउँपालिकाको आ.व. .......... को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम यस गाउँपालिका अन्तर्गत कृषि विकास शाखाबाट सञ्चालन हुने उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकले तपसिलमा उल्लेखित विवरण भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस गाउँपालिका भित्रका सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नु हुन यसै सूचना मार्फत सूचित गरिन्छ। आवेदन पेश गर्ने अन्तिम म्यादको दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात पहिलो पल्ट कार्यालय खुलेको दिन आवेदन दिन सकिनेछ। सो म्याद गुजारी प्राप्त भएको आवेदनलाई सहभागी गराइने छैन।

तपिसलः

| उपजको नाम | कूल उत्पादन (के.जी/ लिटर/ गोटामा) | सबै भन्दा ठूलो/ प्रति उपज धेरै उत्पादन |
|---|---|---|
| १. सुन्तला | | |
| २. कागती | | |
| ३. अदुवा | | |
| ४. बेसार | | |
| ५. आँप | | |
| ६. किवी | | |
| ७. अलैँची | | |
| ८. दुध | | |
| ९. मह | | |
| १०. कुखुरा लोकल | | |
| ११. अण्डा उत्पादन | | |
| १२. बंगुर | | |
| १३. राँगा/ भैँसी | | |
| १४. खसी/ बाख्रा | | |
| १५. गाई / गोरु | | |

(नोटः आवश्यक कागजातहरु आवेदनको ढाँचामा रहेको र आवेदनको ढाँचा वडा कार्यलयकाट प्राप्त गर्न सक्नु हुनेछ।)

प्रमुख प्रशासकीय अधिकृतः

## अनुसूची-४

**(दफा १२ को (ग) सँग सम्बन्धीत)**

अंकभार तालिकाः

| उपजको नाम | कूल उत्पादन (के.जी/ लिटर/ गोटामा) | सबै भन्दा ठूलो/ प्रति उपज धेरै उत्पादन |
|---|---|---|
| १. सुन्तला | क) १५०० के.जी. ४० अङ्क<br>ख) ३००० के.जी. सम्म ५० अङ्क<br>ग) ३००० के.जी. भन्दा माथी ६० अङ्क | क) एउटा १०० ग्राम भएमा २० अंङ्क<br>ख) एउटा १२५ ग्राम भएमा ३० अंङ्क<br>ग) एउटा १५० ग्राम भएमा ४० अंङ्क |
| २. कागती (उन्मोचित जात) | क) १५०० के.जी. ४० अङ्क<br>ख) ३००० के.जी. सम्म ५० अङ्क<br>ग) ३००० के.जी. भन्दा माथी ६० अङ्क | क) एउटा ३० ग्राम भएमा २० अंङ्क<br>ख) एउटा ४० ग्राम भएमा ३० अंङ्क<br>ग) एउटा ५० ग्राम भएमा ४० अंङ्क |
| ३. अदुवा | क) १५०० के.जी. ४० अङ्क<br>ख) ३००० के.जी. सम्म ५० अङ्क<br>ग) ३००० के.जी. भन्दा माथी ६० अङ्क | क) प्रति बर्ग मिटर १० के.जी. भएमा २० अंङ्क<br>ख) प्रति बर्ग मिटर १५ के.जी.भएमा ३० अंङ्क<br>ग) प्रति बर्ग मिटर २० के.जी.भएमा ४० अंङ्क |
| ४. बेसार | क) १००० के.जी. ४० अङ्क<br>ख) २००० के.जी. सम्म ५० अङ्क<br>ग) २००० के.जी. भन्दा माथी ४० अङ्क | क) प्रति बर्ग मिटर ५ के.जी. भएमा २० अंङ्क<br>ख) प्रति बर्ग मिटर ७.५ के.जी.भएमा ३० अंङ्क<br>ग) प्रति बर्ग मिटर १० के.जी.भएमा ४० अंङ्क |
| ५. आँप | क) ५००० के.जी. ४० अङ्क<br>ख) १०००० के.जी. सम्म ५० अङ्क<br>ग) १०००० के.जी. भन्दा माथी ६० अङ्क | क) एउटा २५० ग्राम भएमा २० अंङ्क<br>ख) एउटा ५०० ग्राम भएमा ३० अंङ्क<br>ग) एउटा ७०० ग्राम भएमा ४० अंङ्क |
| ६. किवी | क) ५००० के.जी. ४० अङ्क<br>ख) १०००० के.जी. सम्म ५० अङ्क<br>ग) १०००० के.जी. भन्दा माथी ६० अङ्क | क) एउटा १०० ग्राम भएमा २० अंङ्क<br>ख) एउटा १५० ग्राम भएमा ३० अंङ्क<br>ग) एउटा २०० ग्राम भएमा ४० अंङ्क |
| ७. अलैंची | क) ५००० के.जी. ४० अङ्क<br>ख) १०००० के.जी. सम्म ५० अङ्क<br>ग) १०००० के.जी. भन्दा माथी ६० अङ्क | क) प्रति वोट १ के.जी. भएमा २० अंङ्क<br>ख) प्रति वोट २ के.जी. भएमा ३० अंङ्क<br>ग) प्रति वोट ३ के.जी. भएमा ४० अंङ्क |
| ८. दुध | क) ५०० लिटर ४० अङ्क<br>ख) १००० लिटर सम्म ५० अङ्क<br>ग) १००० लिटर भन्दा माथी ६० अङ्क | क) प्रति चौपाया ६ लिटर भएमा २० अंङ्क<br>ख) प्रति चौपाया ८ लिटर भएमा ३० अंङ्क<br>ग) प्रति चौपाया १० लिटर भएमा ४० अंङ्क |
| ९. मह | क) ५० के.जी. ८० अङ्क<br>ख) १०० के.जी. सम्म ९० अङ्क<br>ग) १०० के.जी. भन्दा माथी १०० अङ्क | क) प्रति घार ४ लिटर भएमा २० अंङ्क<br>ख) प्रति घार ६ लिटर भएमा ३० अंङ्क<br>ग) प्रति घार ८ लिटर भएमा ४० अंङ्क - |
| १०. कुखुरा लोकल | क) २००० के.जी. ४० अङ्क<br>ख) ३००० के.जी. सम्म ५० अङ्क<br>क) ३००० के.जी. भन्दा माथी ६० अङ्क | क) एउटा २.५ के.जी भएमा २० अंङ्क<br>ख) एउटा ३ के.जी भएमा ३० अंङ्क<br>ग) एउटा ३.५ के.जी भएमा ४० अंङ्क |
| ११. अण्डा उत्पादन | क) २००० वटा ४० अङ्क<br>ख) ३००० वटा सम्म ५० अङ्क<br>ग) ३००० वटा भन्दा माथी ६० अङ्क | क) एउटा ७० ग्राम भएमा २० अंङ्क<br>ख) एउटा ८५ ग्राम भएमा ३० अंङ्क<br>ग) एउटा १०० ग्राम भएमा ४० अंङ्क |
| १२. बंगुर | क) १० वटा ४० अङ्क | क) एउटा १५० के.जी भएमा २० अंङ्क |

| | | |
|---|---|---|
| | ख) १५ वटा सम्म ५० अङ्क<br>क) २० वटा भन्दा माथी ६० अङ्क | ख) एउटा २०० के.जी भएमा ३० अंङ्क<br>ग) एउटा २५० के.जी भएमा ४० अंङ्क |
| १३. राँगा/ भैँसी | क) ५ वटा ४० अङ्क<br>ख) १० वटा सम्म ५० अङ्क<br>ग) १५ वटा भन्दा माथी ६० अङ्क | क) एउटा २५० के.जी भएमा २० अंङ्क<br>ख) एउटा ३०० के.जी भएमा ३० अंङ्क<br>ग) एउटा ३५० के.जी भएमा ४० अंङ्क |
| १४. खसी/ बाख्रा | ग) ५० वटा ४० अङ्क<br>घ) ७५ वटा सम्म ५० अङ्क<br>ङ) १०० वटा भन्दा माथी ६० अङ्क | क) एउटा ३० के.जी भएमा २० अंङ्क<br>ख) एउटा ५० के.जी भएमा ३० अंङ्क<br>ग) एउटा ८० के.जी भएमा ४० अंङ्क |
| १५. गाई / गोरु | क) १५ वटा ४० अङ्क<br>ख) २५ वटा सम्म ५० अङ्क<br>ग) २५ वटा भन्दा माथी ६० अङ्क | क) एउटा १५० के.जी भएमा २० अंङ्क<br>ख) एउटा २०० के.जी भएमा ३० अंङ्क<br>ग) एउटा २५० के.जी भएमा ४० अंङ्क |